# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३) काठमाडौं, भदौ ६ गते २०५० साल (अतिरिक्ताङ्क २८

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०५० सालको ऐन नं. १६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।**

### सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) ऐन, २०५०" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६ मा संशोधन : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा १६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ :-

"तर सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरु एवं प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाहरुको नाउँमा बाहेक चौध भन्दा बढी सीट संख्या तथा चार टन वा सो भन्दा बढी कूल वजन भएका सवारीहरुलाई निजी सवारीको रुपमा दर्ता गरिने छैन।"

३. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएकोछ:-

"२२. सवारी ल्याउनु पर्ने : दफा १३, १५ वा २० बमोजिम कुनै सवारी दर्ता गर्न, दफा ३७ बमोजिम सवारी नामसारी गर्न र दफा ३९ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि दरखास्त दिंदा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५८

नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत साथै ल्याउनु पर्छ।"

४. मूल ऐनको दफा ३९ मा संशोधन : मूल ऐनको दफा ३९ को,-

(१) उपदफा (१) मा रहेका "सवारीको रंग" भन्ने शब्दहरु पछि "सीट संख्या" भन्ने शब्दहरु थपिएकाछन्।

(२) उपदफा (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिवर्तन गर्ने गरी स्वीकृति दिइने छैन।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ :-

"(२क) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिंदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिइनेछ।"

५. मूल ऐनको दफा ४२ मा संशोधन : मूल ऐनको दफा ४२ मा रहेका "सो सवारीले तिर्नु पर्ने नवीकरण दस्तुर" भन्ने शब्दहरूको सट्टा "सो सवारीको धनीले तिर्नु पर्ने नवीकरण दस्तुर" भन्ने शब्दहरु राखिएकाछन्।

६. मूल ऐनको दफा ५० मा संशोधन : मूल ऐनको दफा ५० मा रहेका "परीक्षा समितिले" भन्ने शब्दहरु झिकिएकाछन्।

७. मूल ऐनको दफा ५५ मा संशोधन : मूल ऐनको दफा ५५ को उपदफा (४) मा रहेका "उपदफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५५

(१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (३) बमोजिम" भन्ने शब्दहरू राखिएकाछन्।

८. <u>मूल ऐनको दफा ५६ मा संशोधन</u> : मूल ऐनको दफा ५६ को उपदफा (२) मा रहेको "म्यादभित्र" भन्ने शब्द पछि "चालक अनुमतिपत्र" भन्ने शब्दहरू थपिएकाछन्।

९. <u>मूल ऐनको दफा ६२ मा संशोधन</u> : मूल ऐनको दफा ६२ को उपदफा (१) मा रहेका "तोकिएको ढाँचामा" भन्ने शब्दहरू पछि "तोकिएको" भन्ने शब्द थपिएकोछ।

१०. <u>मूल ऐनको दफा ७३ मा संशोधन</u> : मूल ऐनको दफा ७३ को उपदफा (१) मा रहेका "तोकिएको ढाँचामा" भन्ने शब्दहरू पछि "तोकिएको" भन्ने शब्द थपिएकोछ।

११. <u>मूल ऐनको दफा ७८ मा संशोधन</u> : मूल ऐनको दफा ७८ मा रहेका "सार्वजनिक सवारीले" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले" भन्ने शब्दहरू राखिएकाछन्।

१२. <u>मूल ऐनको दफा ८२ मा संशोधन</u> : मूल ऐनको दफा ८२ को उपदफा (१) मा रहेका "अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले" भन्ने शब्दहरू पछि "व्यवस्थापन समितिसंग परामर्श गरी" भन्ने शब्दहरू थपिएकाछन्।

१३. <u>मूल ऐनको दफा ८३ मा संशोधन</u> : मूल ऐनको दफा ८३ को उपदफा (१) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू राखिएकाछन्।

१४. <u>मूल ऐनको दफा ८६ मा संशोधन</u> : मूल ऐनको दफा ८६ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२क) बाटो इजाजतपत्रमा तोकेको बाटोमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा श्री ५ को सरकारले त्यस्ता सवारीहरुको बाटो इजाजतपत्र बढीमा एक महीना सम्मको लागि स्थगित गर्न सक्नेछ।"

१५. मूल ऐनको दफा १०४ मा संशोधन : मूल ऐनको दफा १०४ मा रहेका "प्रत्येक चार घण्टा पछि" भन्ने शब्दहरुको सट्टा "प्रत्येक छ घण्टा पछि" भन्ने शब्दहरु राखिएकाछन्।

१६. मूल ऐनको दफा १६१ मा संशोधन : मूल ऐनको दफा १६१ को सट्टा देहायको दफा १६१ राखिएकोछ :-

"१६१. ज्यान मरेमा हुने सजाय : (१) कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्काल वा मुलुकी ऐन ज्यान सम्बन्धीको महलमा उल्लेखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई सर्वस्व सहित जन्मकैद हुनेछ। कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ।

(२) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा



४०९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्काले वा मुलुकी ऐन ज्यान सम्बन्धीको महलमा उल्लेखित म्याद भित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

(४) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसूर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँ समेत जरिवाना हुनेछ।

तर सर्वस्व सहित जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुने छैन।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ।"

१७. मूल ऐनको दफा १६२ मा संशोधन : मूल ऐनको दफा १६२ को सट्टा देहायको दफा १६२ राखिएकोछ :-

"१६२. अङ्ग भङ्ग भएमा हुने सजाय: (१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्ग भङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए अन्धो वा नपुंसक मध्ये जुनसुकै कुरा भएपनि त्यसरी सवारी चलाउने व्यक्तिलाई आठ वर्षसम्म कैद र दशहजार रूपैयाँसम्म जरिवाना हुनेछ। सो दुई सत बाहेक अन्य कुनै अङ्ग बेकम्मा भएमा आठ वर्षसम्म कैद र पाँचहजार रूपैयाँसम्म जरिवाना र एउटै किसिमको काम लिने एउटा भन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्ग मात्र बेकम्मा भएमा माथि लेखिएको सजायको आधा सजाय हुनेछ। सो सत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाँचहजार रूपैयाँ जरिवाना हुनेछ।

(२) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लेखित कुनै कसूर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पाँचहजार रूपैयाँ थप जरिवाना हुनेछ।



४०३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्ग भङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुईहजार रुपैयाँ जरिवाना हुनेछ।"

१८. <u>मूल ऐनको दफा १६३ मा संशोधन</u> : मूल ऐनको दफा १६३ को,-

(१) उपदफा (२) मा रहेका "अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरू राखिएकाछन्।

(२) उपदफा (३) मा रहेका "अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरू राखिएकाछन्।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएकोछ :-

"(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति वापतको बीमा रकम यथाशीघ्र भराई दिनु पर्नेछ।"

१९. <u>मूल ऐनको दफा १६४ मा संशोधन</u> : मूल ऐनको दफा १६४ को,-

(१) उपदफा (५) मा रहेका "खारेज गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "बढीमा एक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महीनासम्मको लागि निलम्बन गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएकाछन्।

(२) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएकोछ :-

"(६) उपदफा (५) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ।"

२०. <u>मूल ऐनको दफा १६८ मा संशोधन</u> : मूल ऐनको दफा १६८ पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ:-

"तर उपभोक्ता तथा यात्री वर्गको हितलाई ध्यानमा राखी सार्वजनिक यातायात सेवालाई सुविधायुक्त, स्तरीय, भरपर्दो, वैज्ञानिक र व्यवस्थित ढङ्गले यातायात व्यवस्थापन समितिको स्वीकृतिबाट आलोपालो गरी यातायात सेवा सञ्चालन गर्न यस दफाले बाधा पु-याएको मानिने छैन।"

२१. <u>मूल ऐनको दफा १७२ मा संशोधन</u> : मूल ऐनको दफा १७२ को सट्टा देहायको दफा १७२ राखिएकोछ:-

"१७२. <u>उजूर गर्ने हदम्याद र पुनरावेदन गर्ने म्याद</u> : (१) दफा १६१ अन्तर्गतको कसूरको हकमा मुलुकी ऐन ज्यान सम्बन्धीको महलमा उल्लेखित म्यादभित्र, दफा १६२ अन्तरगतको कसूरको हकमा मुलुकी ऐन कुटपीटको महलमा उल्लेखित म्यादभित्र र यस ऐन अन्तरगतका अन्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कसूरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजूर गर्नु पर्नेछ।

(२) दफा १६१ र १६२ अन्तरगतका कसूरका सम्बन्धमा बाहेक यस ऐन अन्तरगतका अन्य कसूरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मिति पैंतीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ।"

२२. मूल ऐनमा दफा १७६क. थप : मूल ऐनको दफा १७६ पछि देहायको दफा १७६क. थपिएकोछ :-

"१७६क. श्री ५ को सरकार वादी हुने : दफा १६१ र १६२ अन्तरगतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को अनुसूची-१ मा परेको मानिनेछ।"

२३. सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) अध्यादेश, २०५० निष्कृय भएपछि त्यसको परिणाम : सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) अध्यादेश, २०५० निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले:-

(क) सो अध्यादेश निष्कृय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पु-याई अघिनै गरिएको कुनै काम वा भोगीसकेको कुनै कुरालाई असर पार्ने छैन।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्त्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

लालमोहर सदर मितिः– २०५०।५।६।४

आज्ञाले,

वेदव्यास क्षेत्री

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४०६

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।